## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०२।०६ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कैलाली, साविक नारायणपुर-८ अन्तर्गतको कित्ता नं. ९०८ को क्षेत्रफल १५-०-० ज.बि. (बिगाह) जग्गा फिल्डबुकमा जंगल भनी कायम भएकोमा कित्ताकाट गरी मालपोत कार्यालय, टीकापुरबाट २०६८ सालमा व्यक्तिको नाममा कायम गरेकोले यसरी साविकमा फिल्डबुकमा जंगल जनिइसकेको सरकारी सार्वजनिक प्रकृतिको जग्गाबाट कित्ताकाट गरी व्यक्ति विशेषको नाममा कायम गर्ने कार्यमा संलग्न कर्मचारी तथा उक्त जग्गा आफ्नो नाममा कायम गराउने व्यक्तिहरुसमेतलाई कारवाही हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **मालपोत कार्यालय, टीकापुरका तत्कालीन कार्यालय प्रमुख मोहन स्नेही रसाईली र नायब सुब्बा अग्नी बहादुर शाही**ले साविक नारायणपुर गा.वि.स. वडा नं. ८ को फिल्डबुकमा बि.सं. २०२१ सालमा जंगल जनिइसकेको कित्ता नं. १३९ बाट कित्ताकाट भई जंगल नै कायम रहेको कित्ता नं. ३५१ को क्षेत्रफल २७-१४-१७ ज.वि. सरकारी सार्वजनिक जग्गामध्येबाट कित्ताकाट गरी स्रेस्ता पूर्जा कायम गराउने उद्देश्यका साथ फिल्ड प्रतिवेदन तथा कित्ताकाटको लागि नापी कार्यालय, टीकापुरलाई पत्राचार गरी नापी कार्यालय टीकापुरबाट उक्त कित्ता नं. ३५१ को क्षेत्रफल २७-१४-१७ ज.बि.बाट कित्ताकाट गरी/गराई कायम कित्ता नं. ९०८ को क्षेत्रफल १५-०-० ज.वि. जग्गा व्यक्तिको नाममा जग्गाधनी स्रेस्ता पूर्जा बनाउन निर्णयार्थ टिप्पणी उठान गरी सदर/निर्णय गरी हकभोगको जग्गा भन्ने बनाई गैरकानूनी तवरबाट जंगलको नाममा रहेको सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेष (विन्द्रा रावल, कमल बहादुर रावल, सुशिल बहादुर रावल, बिमल बहादुर रावल) को संयुक्त नाममा स्रेस्ता पूर्जा कायम गरी हकहस्तान्तरण गरेको र पछि उक्त जग्गाको दर्ता स्रेस्ता सम्बन्धी सम्पूर्ण कागजातहरु कार्यालयको अभिलेखबाट समेत नष्ट गरेको पुष्टि हुन आई आ.व. २०८०/२०८१ को मालपोत कार्यालय टीकापुरको न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लिखित रु.२४,०६,६९,०००।- सार्वजनिक सम्पत्तिको हानिनोक्सानी पुऱ्याएको हुँदा निजहरु मोहन स्नेही रसाईली र अग्नी बहादुर शाहीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) तथा ऐ.ऐ.ऐनको दफा १२ बमोजिम कसुर गरेको देखिएकोले निजहरुलाई बिगो रु. २४,०६,६९,०००।— (चौबीस करोड छ लाख उनान्सत्तरी हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन साथै ऐ.ऐ. ऐनको दफा १२ बमोजिम कैद र जरिवानासमेत हुन मागदाबी लिइएको छ।

**नापी कार्यालय, टीकापुरका तत्कालीन कार्यालय प्रमुख एवं नापी अधिकृत मान बहादुर चन्द र सर्भेक्षक दशरथ मण्डल**ले उक्त जग्गा व्यक्तिको नाममा कायम गर्ने उद्देश्यले कार्यालयको अभिलेखलाई अनदेखा गरी सो जग्गा हकभोगको हो भन्ने व्यहोराको प्रतिवेदन पेश गरी सोही प्रतिवेदनको आधारमा कित्ताकाट आदेश दिई साविक जंगल जनिएको कित्ता नं. ३५१ बाट कित्ताकाट गरी कित्ता नं. ९०८ को क्षेत्रफल १५-०-० ज.बि.

कायम गरी/गराई साविकमा जंगलको नाममा रही कित्ताकाट हुँदै जंगलकै नाममा कायम रहेको भन्ने विषयको अभिलेख कहीकतै उल्लेख नगरी उक्त जग्गा कित्ताकाटको पत्र दस्तखत गरी मालपोत कार्यालयमा पत्रचार गरेको र सोही नापी कार्यालय टीकापुरबाट प्राप्त कित्ताकाट पत्र, नक्सा, प्लट रजिष्टर उतारलाई आधार बनाई मालपोत कार्यालय, टीकापुरबाट उक्त जग्गा गैरकानूनी तवरबाट विन्द्रा रावल, कमल बहादुर रावल, सुशिल बहादुर रावल, बिमल बहादुर रावलको संयुक्त नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाई हकहस्तान्तरण भएको पुष्टि हुन आएको हुँदा निजहरु नापी अधिकृत मान बहादुर चन्द र सर्भेक्षक दशरथ मण्डलले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर भएकोले निजलाई आ.व. २०८०/२०८१ को मालपोत कार्यालय, टीकापुरको न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लिखित रु.२४,०६,६९,०००।- (चौबीस करोड छ लाख उनान्सत्तरी हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद तथा बिगो बमोजिमको जरिवाना गरी उक्त बिगो असुल उपर हुन मागदावी लिइएको छ।

**साविक नारायणपुर-८ को कित्ता नं. ९०८ को जग्गा आफ्नो नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाउने विन्द्रा रावल, कमल बहादुर रावल, सुशिल बहादुर रावल र बिमल बहादुर रावल**ले आफ्नो नाममा रहेका साविक नारायणपुर ८ को कित्ता नं. १६० र किता नं. १६१ को बिचमा रहेको फिल्डबुकमा जंगल जनिईसकेको कित्ता नं. १६२ बाट कित्ताकाट भई जंगलकै नाममा कायम भएको कित्ता नं. ३५१ मध्येको केही भाग जग्गा आफूखुशी भोग गरी उक्त भोगकै आधारमा हकदावी लिई बिना प्रमाण जग्गाधनी पूर्जा पाउँ भनी मालपोत कार्यालय, टीकापुरमा निवेदन दिई मालपोत कार्यालय र नापी कार्यालय, टीकापुरका प्रमुख तथा कर्मचारीहरुसँग मिलेमतो गरी जंगलको नाममा कायम रहेको कित्ता नं. ३५१ को क्षेत्रफल २७-१४-१७ ज.बि.बाट कित्ताकाट गराई कित्ता नं. ९०८ (१५-०-० ज.बि.क्षेत्रफल) को फिल्डबुकमा जंगल जनिइसकेको सरकारी सार्वजनिक जग्गा गैरकानूनी तवरले आफ्नो नाममा कायम गराई संयुक्त जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाई उक्त सरकारी सार्वजनिक जग्गा भोग गरिरहेको पुष्टि हुन आएकोले निजहरु **विन्द्रा रावल, कमल बहादुर रावल, सुशिल बहादुर रावल र विमल बहादुर रावल**ले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरको ऐ.ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्था भए बमोजिम मतियारको कसुर पुष्टि भएको हुँदा रु.२४,०६,६९,०००।- (चौबीस करोड छ लाख उनान्सत्तरी हजार रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) तथा दफा २२ को प्रतिवन्धात्मक व्यवस्थाबमोजिम मुख्य कसुरदारलाई भए सरहकै बिगो तथा कैद सजाय हुन साथै निजहरुले गैरकानूनी तवरले प्राप्त गरेको साविकमा जंगलको नाममा रहेको उक्त जग्गा समेत जंगलकै नाउँमा यथावत कायम गर्ने गरी निजहरुको भोग हटाउनेसमेत आदेश हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे